# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, साउन ३ गते, २०८१ साल (संख्या २०

## भाग ३

## सर्वोच्च अदालतको

## सूचना

### जिल्ला अदालत (तेस्रो संशोधन) नियमावली, २०८१

जिल्ला अदालत नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय प्रशासन ऐन, २०७३ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरुको नाम "जिल्ला अदालत (तेस्रो संशोधन) नियमावली, २०८१" रहेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली सम्वत् २०८१ साल साउन एक गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. **<u>जिल्ला अदालत नियमावली, २०७५ को नियम ४०क. मा संशोधनः</u>** जिल्ला अदालत नियमावली, २०७५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४०क. को,-

(१) उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर बाल इजलास र पारिवारिक इजलासबाट हेरिने मुद्दा सरल मार्गसमूहमा तथा पुनरावेदनको कारवाही हुने मुद्दा सरल र सामान्य मार्गसमूहमा मात्र रहनेछन्।"

(२) उपनियम (२) मा रहेका "भए तापनि" भन्ने शब्दहरुपछि "बाल इजलास र पारिवारिक इजलासबाट हेरिने मुद्दा बाहेक संवत् २०८१ साल साउन १ गते भन्दा अघि एक बर्ष ६ महिना पुगेको मुद्दा," भन्ने शब्दहरु थपिएका छन्।

३. **<u>मूल नियमावलीको नियम ४१ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४१ को उपनियम (१) मा रहेका "न्यायाधीश संख्याको आधारमा मुद्दा संख्या र मार्ग समूहसमेतको अनुपात मिल्ने गरी" भन्ने शब्दहरुको सट्टा "न्यायाधीशको संख्या, मुद्दा संख्याको अनुपात, मुद्दाको प्रकृति र मार्ग समूहसमेतको आधारमा" भन्ने शब्दहरु राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **<u>मूल नियमावलीको नियम ४४ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४४ को उपनियम (१) मा रहेको "फाँटगत" भन्ने शब्दपछि "वा समूहगत" भन्ने शब्दहरु थपिएका छन्।

५. **<u>मूल नियमावलीको नियम ४५ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४५ को उपनियम (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) यो खण्ड प्रारम्भ हुनुअघि एक बर्ष छ महिना पुगेका मुद्दा,"

**आज्ञाले,**
**विमल पौडेल**
**रजिस्ट्रार ।**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।